## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

दल बहादुर कार्कीको नाति, प्रकाश बहादुर कार्कीको छोरा बिपुला राउतको श्रीमान बागमती प्रदेश रामेछाप जिल्ला उमाकुण्ड गाउँपालीका वडा नं. २ बस्ने नविन कुमार कार्कीले यस बौद्ध. शाखामा खाता नं.२०५१५२४०७००१४१ संचालन गर्दै आउनु भएकोमा मिति २०८२/०६/२१ मा निज खातावाला नविन कुमार कार्कीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी नाता पर्ने बिपुला राउतले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक नविन कुमार कार्कीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको बौद्ध शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
बौद्ध.शाखा, चुच्चेपाटी
फोन नम्बर : ०१-४५६१४५२
ईमेल : bouddha@nsbl.com.np

## बिचौलिया...

थियो । तर, सोमबार अचानक पौडेल पक्राउ गरेपछि ओली हटाउने अभियानमा लागेकाहरु निराश भएका छन् । सम्पत्ति शुद्धीकरण विभागले पौडेलसँग अप्रत्यक्ष वास्तविक धन भएको आशंका गरे पनि कानुनी लडाइँमा भने पौडेल बलिया रहेको स्रोतको दाबी छ । किनकि उनले आफ्नो नाममा सम्पत्ति राखेका छैनन् । उनको लगानी भएको भनिएका व्यक्तिहरु पनि पक्राउ परेपछि त्यसको वास्तविकता खुल्नेछ । पौडेल पक्राउ परेपछि उनको धन लगानी भएका व्यवसायीहरु पनि पक्राउ पर्ने सम्भावना बढेको छ ।

ऐनको दफा २१ अनुसार अब पौडेललाई थप अनुसन्धानको क्रममा कुनै विशेषज्ञसँग परामर्श गर्नुपर्ने वा त्यस्तो विशेषज्ञलाई समेत अनुसन्धानमा संलग्न गराउनुपर्ने देखेमा केही अवधिको लागि काजमा पठाइदिन सम्बन्धित निकायसँग अनुरोध गर्न सक्नेछ । त्यसरी सम्पत्ति शुद्धीकरण विभागले अनुरोध गरेमा जुनसुकै निकायले अनुसन्धान गर्ने कार्यालयलाई सम्बन्धित विशेषज्ञ उपलब्ध गराउनुपर्नेछ । पूर्वअर्थमन्त्री समेत भएको कारण नीतिगत निर्णयका आधारमा राज्यको ढुकुटी लुटेको आरोप पौडेलमाथि छ ।

पौडेलमाथि अवैध रूपमा सम्पत्ति जम्मा गरेको भन्ने उजुरी परेपछि सम्पत्ति शुद्धीकरण विभागले केही समय अगाडिदेखि अनुसन्धान अगाडि बढाएको थियो । त्यहीबेला पौडेल निकटस्थ बिचौलिया भट्ट पक्राउ परेपछि धेरै कुराहरु खुलेपछि पौडेल पक्राउ परेका हुन् । कानुनी व्यवस्थाअनुसार सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानीसम्बन्धी कसुरसम्बन्धी मुद्दा सरकारवादी हुनेछ भने मुद्दा दायर गर्न हदम्याद लाग्ने छैन ।

पौडेल काठमाडौं बाहिर बुटवल उपमहानगरपालिका-१० मा र काठमाडौंमा भने ललितपुर महानगरपालिका-२५ को सैबु आवास आयोजनामा बस्दै आएका छन् । सम्पत्ति शुद्धीकरण विभागले सोमबार नै जिल्ला प्रहरी कार्यालय सुर्खेतलाई पक्राउ गरेर ल्याइदिन पत्र पठाएका थियो ।

उपाध्यक्ष पौडेल पक्राउ परेपछि उक्त पक्राउको घटनालाई एमाले अध्यक्ष ओलीले सोमबार साँझ विज्ञप्ति प्रकाशित गरी एमालेमाथि लगातार भइरहेको श्रृंखलाबद्ध प्रहार र राजनीतिक षड्यन्त्रको निरन्तरता भनेका छन् । साथै ओलीले विपक्षी दलका नेताहरूमाथि लक्षित यस्ता निकृष्ट र प्रतिशोधपूर्ण हर्कतहरु तत्काल बन्द गर्न आग्रह गर्दै सरकारका स्वेच्छाचारी र लोकतन्त्रविरोधी क्रियाकलापका विरूद्ध सामूहिक प्रतिवाद गर्न आग्रह गरेका छन् । तर, विगतका सरकारमा रहेका दलहरूका नेताहरूले भ्रष्टाचार गरेको भन्दै यस्ता छानबिनमा सहयोग गर्नुपर्ने जनअपेक्षा छ ।

## विद्युतीय...

राहदानी विभागका महानिर्देशक अर्याल र केसी हाल अख्तियारकै थुनामा रहेका छन् ।

आयोगका अनुसार प्रकरणमा झण्डै आठ अर्ब रूपैयाँको हिनामिना गरिएको देखिएको छ । दुईवटा प्याकेज बनाएर ठेक्का दिइएको यो प्रकरणमा म्युहलबाउर आइडी सर्भिसले एक अर्ब ५५ करोड र भेरिडासले छ अर्ब ५५ करोड रूपैयाँको ठेक्का पाएका थिए ।

## सेयरबजारमा...

गर्ने सेन्सिटिभ इन्डेक्स पनि शून्य दशमलव १७ अंकले ओरालो लागेर चार सय ६३ दशमलव ८० विन्दुमा खुम्चिएको छ । यस दिन तीन सय ५३ वटा कम्पनीहरूको ९० हजार आठ सय ६२ पटकको कारोबारमा ८१ लाख ३८ हजार चार सय ३३ कित्ता सेयर खरिदबिक्री भएका छन् । सोही खरिदबिक्रीका आधारमा कुल कारोबार रकम चार अर्ब ४४ करोड ६५ लाख २० हजार दुई सय ४७ रूपैयाँ कायम भएको छ ।

यस दिन १३ वटा उपसमूहहरूको सेयर भएका छन् । जसमध्ये तीनवटा उपसमूहहरूको सूचक उकालो लागेर बाँकी उपसमूहहरूको सूचक ओरालो लागेका छन् । यस दिन फाइनान्स उपसमूहको सूचक २५ दशमलव शून्य चार अंकले उकालो लागेर २४ सय ९० दशमलव शून्य छ विन्दुमा खुम्चिएकोमा लघुवित्त र व्यापार उपसमूहको सूचक पनि क्रमशः १९ दशमलव ८७ र ३१ दशमलव २६ विन्दुले उकालो लागेका छन् । यीबाहेक वाणिज्य बैंक उपसमूहको सूचक एक दशमलव ५१ अंकले ओरालो लागेर १४ सय ३१ दशमलव शून्य तीन विन्दुमा खुम्चिँदा विकास बैंक उपसमूहको सूचक पनि चार दशमलव शून्य दुई अंकले ओरालो लागेर पाँच हजार सात सय १८ दशमलव ५९ विन्दुमा खुम्चिएको छ । जलविद्युत् उपसमूहको सूचक पनि सात दशमलव ८८ अंकले ओरालो लागेर तीन हजार सात सय ८६ दशमलव ५९ विन्दुमा खुम्चिँदा जीवन बीमा उपसमूहको सूचक पनि ५६ दशमलव २१ अंकले ओरालो लागेर १२ हजार तीन सय ४४ दशमलव ५१ विन्दुमा खुम्चिएको छ । निर्जीवन बीमा उपसमूहको सूचक पनि २३ दशमलव ४२ अंकले ओरालो लागेर ११ हजार ४६ दशमलव ५२ विन्दुमा खुम्चिँदा होटल तथा पर्यटन, लगानी, उत्पादनमूलक, सामूहिक लगानी कोष र अन्य उपसमूहको सूचक पनि क्रमशः ११ दशमलव ९१, शून्य दशमलव शून्य दुई, सात दशमलव १४, शून्य दशमलव १५ र चार दशमलव १३ विन्दुले खुम्चिएका छन् ।

यस दिन कमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा टक्सार पिखुवा खोला हाइड्रोपावर लिमिटेड परेको भए पनि गुमाउने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा नेपाल बैंक ऋण २०८७ परेको छ । सोपान फर्मास्युटिकल्स लिमिटेड भने यस दिन सबैभन्दा बढी रकम कारोबार गर्ने कम्पनीहरूको सूचीमा पहिलो स्थानमा परेको छ ।

# चिया निर्यातमा देखिएको समस्या समाधानका लागि कार्यदल गठन

काठमाडौँ, ८ असार : सरकारले नेपालबाट भारतमा हुने चिया निर्यातमा देखिएको समस्या समाधान गर्नका लागि कार्यदल गठन गरेको छ । चिया निर्यातमा देखिएको समस्याको अध्ययन गरी दुई साताभित्र तत्कालीन, मध्यकालीन र दीर्घकालीन सुझावसहितको प्रतिवेदन पेस गर्ने गरी कार्यदल गठन गरिएको प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले जानकारी दिइन् । उनका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखाका सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरिएको छ ।

कार्यदलको सदस्यहरूमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव, अर्थ मन्त्रालयका उपसचिव, गृह मन्त्रालयका उपसचिव, परराष्ट्र मन्त्रालयका उपसचिव, कृषि, वन तथा पर्यावरण मन्त्रालयका उपसचिव, भन्सार विभागका उपमहानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका निर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभागका निर्देशक, राष्ट्रिय चिया तथा कफी विकास बोर्डका निर्देशक तथा द्विपक्षीय व्यापार तथा पारवहन (भारत) शाखाका उपसचिव सदस्य तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उपसचिव सदस्य सचिव छन् ।

भारत सरकारको 'टि बोर्ड अफ इण्डिया'बाट केही समयअघि भारतमा आयात हुने चियाका सबै 'कन्साइनमेन्ट' को अनिवार्य गुणस्तर परीक्षण गर्ने प्रावधान, सो निर्देशनालय साथ संलग्न एसओपीमा रहेको प्रयोगशाला शुल्क र प्रयोगशाला परीक्षण प्रतिवेदन नआएसम्म सामान गोदाममा अनिवार्य भण्डारण गर्नुपर्नेलगायतका प्रावधान उल्लेख छ ।

उक्त प्रावधानले साना तथा मझौलास्तरका नेपाली चिया किसानहरु र निर्यातकर्ताहरूलाई भारततर्फ चिया निकासीमा कठिनाइ भएको र भन्सार विन्दुहरूमा लामो समयसम्म मालवाहक सवारीसाधन रोकिनुपर्ने हुँदा चियाको ताजापन र गुणस्तरमा ह्रास आउने र व्यापारको लागत बढ्दै गएको अवस्था छ । रासस

# खाँदबारी–किमाथांका खण्ड पहिरोले अवरुद्ध

संखुवासभा, असार ८ । कोशी राजमार्गअन्तर्गत सतुवासभाको खाँदबारी-किमाथांका सडकखण्ड पहिरोका कारण सडक अवरूद्ध भएको छ । उत्तर-दक्षिण कोशी सडकखण्डको भोटखोला गाउँपालिका-३ स्याबुङमा पहिरो खस्दा खाँदबारी-किमाथांका खण्डको छोङराङमा सडक अवरूद्ध भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका निमित्त प्रहरी प्रमुख एवं प्रहरी निरीक्षक धनबहादुर राजवंशीले गएरातिदेखि परेको अविरल वर्षासँगै आएको पहिरोले खाँदबारी-किमाथांका सडकखण्ड अवरूद्ध भएको जानकारी दिए । उनका अनुसार पहिरोका कारण उक्त क्षेत्रमा यातायात सेवा पूर्णरूपमा अवरूद्ध भएका छन् ।

पहिरो हटाउन उत्तर-दक्षिण कोशी सडक कार्यालय तथा स्थानीय तहसँग समन्वय भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । माथिल्लो क्षेत्रमा लगातार ठूलो वर्षा भइरहेकाले सडक खुलाउन नसकिएको प्रहरी निरीक्षक राजवंशीले जानकारी दिए । पहिरो खसेपछि भोटखोलाबाट खाँदबारी आउने यातायातका साधन वारपार हुन सकेका छैनन् ।

## सात विदेशी पक्राउ

काठमाडौं, ८ असार : पर्यटकीय गन्तव्य ठमेलमा अवाञ्छित गतिविधिमा सङ्लग्न सात विदेशी नागरिकलाई पक्राउ गरिएको छ । प्रहरी वृत्त लैनचौरको टोलीले ठमेलमा सर्वसाधारणलाई दुःख दिने र ड्युटीमा रहेका प्रहरीमाथि नै अभद्र व्यवहार गर्ने सात जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

ठमेलस्थित फायरचोक क्षेत्रमा बाटो हिँड्ने स्वदेशी तथा विदेशी पर्यटक एवं सर्वसाधारण पुरूषलाई अनावश्यक रूपमा बाटो छेक्ने र अश्लील क्रियाकलापमार्फत हैरानी दिइरहेको अवस्थामा पक्राउ गरिएको प्रहरीले जानकारी दिएको चछ । पक्राउ पर्नेमा पाँच युगाण्डा र दुई जना भियतनामका नागरिक रहेको प्रहरीले जनाएको छ ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

सर्बजित क्षेत्रीको नाति, धर्मजित क्षेत्रीको छोरा, रुकुम पश्चिम जिल्ला, त्रिबेणी गा.पा. वडा नं. १ बस्ने यस बैंकको त्रिबेणी शाखा कार्यालयको खातावाला अमर बहादुर क्षेत्रीको मिति २०८२/०७/०५ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको पत्नी चण्डि बोहराले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना !

तेस्रो पटक प्रकाशित मिति : २०८३।०३।०९
यस कम्पनीको मिति २०८३-०२-२७ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **श्री फ्युल एग्रो प्रा.लि., दर्ता नं. ३९४२०१** को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने/व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०३।०३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **श्री भेन्चर एग्रो प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ।

## निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

जबर सिह कामीको नातिनी, तुल्सी राम कामीको छोरी, रुकुम पश्चिम जिल्ला, त्रिबेणी गा.पा. वडा नं. १ बस्ने यस बैंकको त्रिबेणी शाखा कार्यालयको खातावाला हाउली कामीको मिति २०८३/०१/१६ मा मृत्यु भएकाले मृतकको खाताको रकम भुक्तानी पाउँ भनी मृतकको छोरा जित बहादुर बि.क. ले यस बैंकमा आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा उक्त रकममा कसैको हक लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदक बाहेक अग्र-प्राथमिकतामा अन्य कुनै हकदार भएमा त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस बैंकमा हकदाबी गर्न यो सूचना प्रकाशित गरिएको छ। सो म्यादभित्र हकदाबी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भईजाने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ।

लक्ष्मी सन्राइज बैंक लिमिटेड Laxmi Sunrise Bank Limited
लक्ष्मी कम्प्लेक्स, हातीसार, काठमाडौं
फोन नं.: ५९७०६८४/४२१७०७०
Email: info@laxmisunrise.com
URL: www.laxmisunrise.com

## निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

सोम बहादुर गुरुङ्को नातिनी, मइति लाल गुरुङ्को छोरी, पर्वत जिल्ला, कुश्मा न.पा. वडा नं. १४ बस्ने देउ सुवा गुरुङ (ना.प्र.नं. २०७, जारी मिति २०४५/१/०६, जि.प्र.का. पर्वत) ले यस बैंकको नयाँ बजार शाखामा बचत खाता संचालन गर्दै आउनु भएकोमा निज खातावाला देउ सुवा गुरुङ्को मिति २०८१/०६/०९ मा निधन भएकोले यस बैंकमा रहेको निजको खाताको रकम भुक्तानी पाउँ भनि निज मृतकको छोरा ईच्छा बहादुर गुरुङ्ले मिति २०८३/०२/२८ मा निवेदन पेश गरेको हुँदा यस बैंकमा रहेको उल्लेखित खातामा भएको रकममा अरु कसैको प्रमाणिक हकदाबी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिमको अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुद प्रमाण सहित यस बैंकमा हकदाबी गर्न आउनु होला। अन्यथा निवेदकको माग दाबी बमोजिम भुक्तानीको प्रक्रिया अघि बढाईने व्यहोरा सूचित गरिन्छ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, नयाँ बजार

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

भिमा हाथी को नाति, बिल्टु हाथी सुडीको छोरा, रिता देवीको पति, महोत्तरी जिल्ला पिपरा गाउपालिका वडा नं ०६ (साविक रतौली गा.वि.स. वडा नं. ०१) बस्ने, यस बैंकको जनकपुर शाखाका खातावाला राम सागर हाथीको मिति २०८२/०५/१२ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं २२४७०२३९५४९०००१८ मा भएको रकम पाउँ भनी निज खातावालाको पत्नी महोत्तरी जिल्ला पिपरा गाउपालिका वडा नं. ०६ (साविक रतौली गा.वि.स. वडा नं. ०१) बस्ने रिता देवीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालयः जनकपुर
फोन नं.: ०४१-५५०१०२

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

रत्न बहादुर खड्गीको नाति, श्याम कुमार खड्गीको छोरा, लक्ष्मी खड्गीको पति, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २० (साविक ललितपुर उपमहानगरपालिका वडा नं. २०) बस्ने, यस बैंकको पाटन शाखाका खातावाला सुधिर कुमार खड्गीको मिति २०८२/०२/१५ मा मृत्यु भएकाले यस बैंकमा रहेको निजको बचत खाता नं. ११२०१७१२९५८०००१८ मा भएको रकम पाउँ भनी, निज खातावालाको पत्नी, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २१ (साविक काठमाण्डौं उपमहानगरपालिका वडा नं. २१) स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २० बस्ने, लक्ष्मी खड्गीले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा समेत जानकारी गराईन्छ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालयः पाटन
फोन नं.: ०१-५४०५२६२

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०३/०९**

यस कम्पनीको मिति २०८३/०२/१५ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी डिलाइट आउट सोर्स सेक्युरिटि सर्भिस प्रा.लि.(प्रा.लि.नं.३३४८५७) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१९ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी रोयल स्टार सेक्युरिटि सर्भिस प्रा.लि. कायम गरिएको जानकारी गराइन्छ।




## नाम परिवर्तन सम्बन्धी सार्वजनिक सूचना।

प्रथम पटक प्रकाशित २०८३/०३/०९

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. ३१५२२९/७८/७९ मा दर्ता भएको सारथी होल्डिङ एजेन्सी लिमिटेड को नाम कम्पनीको मिति २०८३/०२/२६ गते सम्पन्न विशेष साधारण सभाको निर्णय तथा कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृतिबाट परिवर्तन भई "स्टार इन्भेष्टमेन्टस् फण्ड लिमिटेड" कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

साथै, साविक कम्पनीको नामबाट सिर्जना भएका सम्पूर्ण हक, दायित्व, जिम्मेवारी, चल तथा अचल सम्पत्ति, लेनदेन, कर तथा अन्य कानूनी दायित्वहरू परिवर्तित नामको स्टार इन्भेष्टमेन्टस् फण्ड लिमिटेडले नै वहन तथा सकार गर्ने व्यहोरा समेत जानकारी गराइन्छ।

यस सम्बन्धमा भविष्यमा गरिने सम्पूर्ण कारोबार, पत्राचार तथा कानूनी कार्यहरू स्टार इन्भेष्टमेन्टस् फण्ड लिमिटेडको नामबाट हुनेछन्।

स्टार इन्भेष्टमेन्टस् फण्ड लिमिटेड
(साविकः सारथी होल्डिङ एजेन्सी लिमिटेड)
का.म.न.पा.-८, पिङ्गलास्थान, काठमाडौं, नेपाल

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७-०९-१५ मा दर्ता भएको प्रा.लि.नं.२५१५९० को **मानशी पोलिक्लिनिक प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३-०१-१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७२-०६-०५ मा दर्ता भएको प्रा.लि.नं. १४०३४२ को **हार्वोर एजुकेशन कन्सलटेन्सी प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८३-०३-०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

## धितोमा रहेको सम्पति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, भण्डारा शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८३/०३/०९ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखित ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको **मिति २०८१ साल फाल्गुन महिना १६ गतेको 'मध्यान्ह' राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल जेष्ठ महिना ०७ गतेको 'राजधानी' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** तथा **मिति २०८२ साल फाल्गुन महिना ११ गतेको 'आर्थिक' राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखित सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखीत सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखित धितोमा रहेको सम्पत्ति खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा यस बैंकको कुनै पनि शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

| क्र.स. | ऋणीहरूको नाम र ठेगाना : |
|---|---|
| १. | नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर चितवनमा प्रा.फ.द.नं. ११५४/०७१/७२ कायम भई मिति २०७२/०३/०६ मा दर्ता भएको चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थित **सम्पदा किराना पसल** । |
| २. | कर्ण बहादुर पाठकको नाति, टक बहादुर पाठकको छोरा, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने **टंक बहादुर पाठक-१** तथा टक बहादुर पाठकको नाति, टंक बहादुर पाठकको छोरा, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने **प्रेम बहादुर पाठक-१ समेत जना २** । |
| **ऋणी १ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | कर्ण बहादुर पाठकको नाति, टक बहादुर पाठकको छोरा, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने **टंक बहादुर पाठक** । |
| २. | टक बहादुर पाठकको नाति, टंक बहादुर पाठकको छोरा, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने **प्रेम बहादुर पाठक** । |
| **ऋणी १ र २ को व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** | |
| १. | छन्द बहादुर रिजालको छोरी, टंक बहादुर पाठकको श्रीमती, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने **सीता पाठक** । |
| २. | प्रेम बहादुर खड्काको छोरी, प्रेम बहादुर पाठकको श्रीमती, चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, राप्ती न.पा. वडा नं. ७ बस्ने **सपना पाठक** । |
| **धितो सुरक्षणको विवरण :** | |
| १. | **टंक बहादुर पाठक**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. १ (नक्सा सिट नं १) को कित्ता नं. ३३४ को ०-१-१० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा कुनै पनि शाखा कार्यालयबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको अंकको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको ३:०० बजे प्रतिनिधिहरूको रोहबरमा खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लेखित चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा शाखा कार्यालय भण्डारामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ती आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन ।
१०. इच्छुक व्यक्ति/कम्पनी/संस्थाहरूले **२०८३ साल आषाढ महिना १५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८३ साल आषाढ महिना १७ गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको ३:०० बजे ।**

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com